बैठक नं.

आज मिति २०८१ साल मंसिर महिनाको २७ गते विहिवारका दिन विहान ११.०० बजे यस अन्नपूर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाका अध्यक्ष श्री विष्णु बहादुर के.सी. ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

| क्र.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | विष्णु बहादुर के.सी. | अध्यक्ष | |
| २ | चन्द्रकला अधिकारी | उपाध्यक्ष | |
| ३ | विष्णु प्रसाद पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | तुलसी प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | पिताम्बर भण्डारी | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | ~~फणीन्द्र प्रसाद पौडेल~~ का.वा. कृष्ण प्र. पौडेल | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | आइन्दल गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | जिवनाथ पौडेल | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | एकदेव देवकोटा | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | भरत मान गुरुङ | वडा अध्यक्ष वडा नं. ७ | |
| ११ | विजय गुरुङ | वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | रमेश गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १३ | गौतम गुरुङ | वडा अध्यक्ष वडा नं. १० | |
| १४ | हिम बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ११ | |
| १५ | पुष्पा पुन | कार्यपालिका सदस्य | |
| १६ | नारायणी परियार | कार्यपालिका सदस्य | |
| १७ | पार्वती पौडेल | कार्यपालिका सदस्य | |
| १८ | सिमा क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | चतुर्मान विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २० | भुपाल घर्ती | कार्यपालिका सदस्य | |

CamScanner

## मिति २०८१।०८।२७ गते को कार्यपालिका वैठकको प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्वन्धम

२) सामुदायिक बन सुचिकृत सम्वन्धमा ।

३) अन्नपुर्ण आधार शिविरमा हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन कार्यविधि २०७९ संशोधन सम्वन्धमा ।

४) पकेट क्षेत्र निर्धारण सम्वन्धमा

५) बाखा पकेट क्षेत्र निर्धारण सम्वन्धमा

६) सहिद पार्क सम्वन्धमा

७) पालिका गान बजेट व्यवस्थापन सम्वन्धमा

८) योजना समावेश सम्वन्धमा सम्वन्धमा

९) विद्युतीय प्रणाली व्यवस्थापन कार्यविधि २०८१ को सैद्धान्तिक स्वीकृति सम्वन्धमा

१०) राष्ट्रिय परिचय पत्र को फोटो खिच्ने र परिचय पत्र वितरण गर्दा भएको खर्च सम्वन्धमा

११) किसान सुचीकरण सम्वन्धमा

१२) सुकुदेवु जनस्वास्थ्य अभियान रकम सम्वन्धमा

१३) कृषक पाठशाला सम्वन्धमा

१४) गाउँसभा मिति सम्वन्धमा

१५) राजश्व छुट सम्वन्धमा

## मिति २०८१।०८।२७ को कार्यपालिका वैठकको निर्णयहरु

१) अघिल्लो कार्यपालिका वैठकको समिक्षा साथै यस अवधिमा भएका कार्यक्रंमका साथै सेवा प्रवाहका विषयमा छलफल गर्नुका साथै प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने ।

२) सामुदायिक बन सुचिकृत सम्वन्धमा ।

प्रस्ताव नं.२ मा छलफल गर्दा अन्नपुर्ण गाउँपालिका भित्र रहेका सवै सामुदायिक वनहरुलाई अन्नपुर्ण, गाउँपालिका कार्यालयमा सुचिकृत गर्ने निर्णय गरियो ।

३) अन्नपुर्ण आधार शिविरमा हेलिकप्टर उडान पर्यटन शुल्क व्यवस्थापन कार्यविधि २०७९ संशोधन सम्वन्धमा ।

प्रस्ताव नं ३ मा छलफल गर्दा अन्नपूर्ण आधार शिविरको भ्रमणमा आउने पर्यटकको भ्रमणलाई सुरक्षित, व्यवस्थित गर्न तथा वातावरणीय तथा पर्यावरणीय सन्तुलनलाई खलवलिन नदिई सुरक्षित र व्यवस्थित रुपमा हलिकप्टर उडाउने व्यवस्था गर्न अन्नपुर्ण आधार शिविर हेलिकप्टर उडान पर्यटन

CamScanner

शुल्क कार्यविधि २०७९ संशोधन गर्नु परेकोल संशोधित कार्यविधि आजकै मिति देखि लागु हुने गरी संशोधित कार्यविधि पास गर्ने निर्णय गरियो ।

**४) पकेट क्षेत्र निर्धारण सम्वन्धमा**

प्रस्ताव नं.४ उपर छलफल गर्दा अन्नपुर्ण गाँउपालिकाका बाट पकेट क्षेत्रमा विनियोजीत बजेटबाट ४, ५ र ६ नं वडा भित्र कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**५) बाखा पकेट क्षेत्र निर्धारण सम्वन्धमा**

प्रस्ताव नं.५ उपर छलफल गर्दा वाखा पकेट क्षेत्र सञ्चालन गर्नका लागि सूचना प्रकाशित गर्ने व्यवस्थापन गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**६) सहिद पार्क सम्वन्धमा**

प्रस्ताव नं .६ उपर छलफल गर्दा अन्नपुर्ण गाउँपालिकाको शहिद पार्क निर्माण गर्न का लागि उपयुक्त स्थान खोजी गर्ने निर्णय गरियो ।

**७) पालिका गान बजेट व्यवस्थापन सम्वन्धमा**

प्रस्ताव नं.७ उपर छलफल गर्दा पालिका पहिचानका लागि पालिका गान निर्माण का लागि बजेट तथा कार्यक्रम किताव मा कार्यक्रम शिर्षकमा बाट रकम व्यवस्थापन गरी पालिका गान निर्माण गर्ने निर्णय गरियो ।

**८) योजना समावेश सम्वन्धमा सम्वन्धमा**

प्रस्ताव नं.८ उपर छलफल गर्दा तपसिल शिर्षकबाट तपसिल बमोजिमका योजना समावेश र सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र.स. | बजेट तथा कार्यक्रम शिर्षक | समावेश गर्ने योजना | कैफियत |
|---|---|---|---|
| १ | निर्मित संरचनाको मर्मत संभार | बालज्योती आ.वि. छाना मर्मत | २००००० (दुइलाख मात्र ) |
| २ | निर्मित संरचनाको मर्मत संभार | लक्ष्मी आ.वि. रेलिङ ट्रेस निर्माण | १४२०००। (एक लाख बयालिस हजार मात्र) |
| ३ | अपुरा योजना बजेट शिर्षक | स्याउली बजार तमु मोहरीया बाटो निर्माण | २७५०००। )दुईलाख पचहत्तर हजार मात्र ) |
| | | | |

CamScanner

**९) विद्युतीय प्रणाली व्यवस्थापन कार्यविधि २०८१ को सैद्धान्तिक स्वीकृति सम्वन्धमा**

प्रस्ताव नं.९ उपर छलफल गर्दा विद्युतीय प्रणाली लाई व्यवस्थीत गर्नका लागि विद्युतीय प्रणाली व्यवस्थापन कार्यविधि २०८१ निर्माणका लागि सैद्धान्तिक स्वीकृति दिने निर्णय गरियो ।

**१०) राष्ट्रिय परिचय पत्र को फोटो खिच्ने र परिचय पत्र वितरण गर्दा भएको खर्च सम्वन्धमा**

प्रस्ताव नं. १० उपर छलफल गर्दा यस पालिका भित्रका विभिन्न टोल वस्ती तथा वडा कार्यालयहरुमा राष्ट्रिय परिचय पत्र को फोटो खिच्ने र तयार भएको परिचय पत्र वितरणका लागि खटिई आउनु भएका कर्मचारीहरुको खाजा खाना बापत प्रत्येक वडा लाई बढीमा १० हजार दरले रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**११) किसान सुचीकरण संम्वन्धमा**

प्रस्ताव नं.११ उपर छलफल गर्दा अन्नपुर्ण गाउँपालिकामा किसान सुचीकरण हुने बाँकी रहेका वडाहरु ८,९,१०,११ मा गणक छनोट गरी कार्य सुचारु गर्ने निर्णय गरियो ।

**१२) सुकुदेवु जनस्वास्थ्य अभियान रकम सम्वन्धमा**

प्रस्ताव नं.१२ उपर छलफल गर्दा सुकुदेवु जनस्वास्थ्य अभियमान ले गाउँपालिकालाई स्वास्थ्य क्षेत्र सुधार गर्न एम्बुलेन्स खरीद गर्नका लागि रकम उपलव्ध गराउने भनी लेखी आएकोले उक्त रकम हाललाई गाँउपालिकाको विविध खातामा जम्मा गर्ने र आगामी गाउँसभाबाट निर्णय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**१३) कृषक पाठशाला सम्वन्धमा**

प्रस्ताव नं.१३ उपर छलफल गर्दा आ.व. २०८१।०८२ मा कृषक पाठशालामा विनियोजित बजेट बाट वडा नं १० भित्र सञ्चालन गर्ने निर्णय गरियो ।

**१४) गाउँसभा मिति सम्वन्धमा**

प्रस्ताव नं. १४ उपर छलफल गर्दा आ.व. २०८१।०८२ को हिउदे गाँउसभा अधिवेशन २०८१ पुस २६ गते सञ्चालन गर्ने निर्णय गरियो ।

CamScanner

**१५) राजश्व छुट सम्वन्धमा**

प्रस्ताव नं. १५ उपर छलफल गर्दा अन्नपुर्ण गाँउपालिका वडा नं १० मा रहको फुम्रोखुं बराह माध्यामिक विद्यालयको जग्गा नामसारी तथा राजश्व छुट सम्वन्धमा विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०८।०२ गतेको निर्णय सहित आवश्यक सिफारिशका उक्त विद्यालयबाट माग भै आएकोले नियमानुसार राजश्व छुट गरिदिनका लागि मालपोत कार्यालय कास्कीलाई अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner